जिल्ला प्रशासन कार्यालय, काठमाडौं

**इजलाश**

प्रमुख जिल्ला अधिकारी श्री एकनारायण अर्याल

**फैसला**

सम्बत् २०७१/०७२ सालको स.वा.फौ.मि.नं. १६७५/११२

दर्ता मिति :–२०७१/४/९

मुद्दा :– **केही सार्वजनिक अपराध**

निर्णय नं.१६७५, मिति :–२०७१/१०/२०

| **वादी** | **प्रतिवादी** |
|---|---|
| जानुका भुजेल समेतको जाहेरीले नेपाल सरकार.........................१ | मिश्रीलाल साहको छोरा, जिल्ला सप्तरी, राजयपुर गा.वि.स.,वडा नं.४ घर भई जि. ललितपुर, ल.पु.उप.म.न.पा.-१ सानेपा बस्ने वर्ष ५५ को धनेश्वरप्रसाद साह..................................१ |
| निजको प्रमाण........................... | निजको प्रमाण |
| साक्षी....................................... | साक्षी ........................................................................ |
| कागज................................... | कागज ........................................................................ |

**यस कार्यालयबाट बुझेको**

प्रमाण...........................................

साक्षी..........................................

कागज ---------------------------

केही सार्वजनिक ( अपराध र सजाय ) ऐन, २०२७ को दफा ५(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र यस कार्यालयको ठहर यस प्रकार छ :–

१. हामी निवेदकहरु का.जि.,का.म.न.पा. वडा नं.१३ कलंकी स्थित जनप्रभात मा.वि.मा अध्यापन गरी आएकोमा विपक्षी शिक्षक धनेश्वरप्रसाद साहले दैनिक गृहकार्य नगरेको निहूँ वनाई हामीले लगाएको सर्ट, फ्रकको पाकेटमा हात छिराई संवेदनशिल अंगमा छुने चलाउने, हामीलाई कुटपिट गर्ने, कहिले जिस्काउने गरी आएकोमा सो कुरा हामीले आफ्नो अभिभावक तथा अन्य शिक्षक समेतलाई जानकारी गराएका थियौ, शिक्षक धनेश्वरप्रसाद साहले हामी निवेदकहरुलाई पटक/पटक त्यसरी संवेदनशिल अंगमा छुने, चलाउने, जिस्काउने गरेको हुदा निजलाई आवश्यक कानून बमोजिम कारवाही गरी पाँउ भन्ने व्यहोराको पिडितकी आमा भनी बिष्णु अर्याल रोहवरमा बसी

शमिला अर्याल र जानुका भुजेलले मिति २०७१।३।२७ मा महानगरीय प्रहरी परिसर, महिला तथा बालबालिका सेवा केन्द्रमा दिएको निवेदन ।

२. धनेश्वरप्रसाद साहले निवेदिका जानुका भुजेल समेतलाई जिस्काउने र दुर्व्यवहारसम्म गरेको तथा सो सम्वन्धमा प्रहरीले सोधपुछ गर्ने क्रममा प्रहरीलाई नै गाली गलौज गरी अशान्ति मच्चाएको भन्ने व्यहोराको प्रहरी प्रतिवेदन ।

३. म विगत १८ वर्ष देखी का.जि.,का.म.न.पा.,-१३ कलंकीस्थित जनप्रभात माध्यमिक विद्यालयमा शिक्षक पेशामा काम गरी रहेको थिएँ । मिति २०७१।३।२२ गते जानुका भुजेल समेतले दिएको निवेदन सम्वन्धमा प्रहरीको टोलीले सोधपुछ गर्न लाग्दा प्रहरी कर्मचारीसँग सामान्य वादविवाद भई रिसको आवेशमा आएर प्रहरीलाई नै गाली गलौज गरी प्रहरीको काम कर्तव्यमा वाधा अवरोध पुऱ्याएकाले प्रहरीले नियन्त्रणमा लिई पक्राउ गरी ल्याएको हो । मैले निज जानुका भुजेल र रमिला रुचाललाई दैनिक गृहकार्य नगरेको निहु वनाई सर्ट फकको पाकेटमा हात छिराई संवेदनशिल अंगमा छुने, चलाउने कुटपिट गर्ने, जिस्काउने जस्ता कार्य गरेको छैन । किन यस्तो निवेदन दियो थाहा भएन भन्ने समेत व्यहोराको प्रतिवादी धनेश्वरप्रसाद साहले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको वयान ।

४. धनेश्वरप्रसाद साहले निवेदक जानुका भुजेल समेतलाई जिस्काउने र दुर्व्यहारसम्म गरेको तथा सो सम्वन्धमा प्रहरीले सोधपुछ गर्ने क्रममा प्रहरीलाई नै गाली गलौज गरी अशान्ति मच्चाएको हुदा निज प्रतिवादीलाई पक्राउ गरी लगेको भन्ने कुरा अन्य मानिसहरुबाट सुनी थाहा पाएको भन्ने व्यहोराको बुझिएका मानिस राजेश थापा समेतले गरी दिएको एकै मिलान एकै व्यहोराको घटना विवरण कागज ।

५.मिसिल संलग्न कागजातहरु समेतका आधार प्रमाणहरुबाट प्रतिवादी धनेश्वरप्रसाद साहले आफुले स्कूलमा गृहकार्य नगरेको विषयमा जाहेरवालाहरुको फक, सर्टको भित्र संवेदनशिल अंगमा छुने, हात हाल्ने, जिस्काउने जस्ता कार्य गरेकोले निज प्रतिवादी धनेश्वरप्रसाद साहलाई केही सार्वजनिक (अपराध र सजाय ) ऐन,२०२७ को दफा २ को खण्ड (क),(छ) र (ज) विपरितको कसूर अपराधमा सोही ऐनको दफा ६(१) बमोजिम सजाय गरी पाँउ भन्ने व्यहोराको अभियोग माग दावी ।

६. जानुका भुजेल समेतको निवेदनमा उल्लेखित कुनै पनि कार्य मैले गरेको छैन भन्ने समेत व्यहोराको प्रतिवादी धनेश्वरप्रसाद साहले यस कार्यालयमा गरेको वयान ।

७. अभियोग इन्कारी गरी वयान गरेता पनि मिसिलसाथ पेश भएका कागजातहरुको आधार प्रमाणहरुबाट प्रतिवादी धनेश्वरप्रसाद साहले अहिले नै आरोपित कसूर गरेको होइन भन्न सकिने नदेखिएकोले मु.ऐ.अ.बं.को ११८ को देहाय ५ नं. अनुसार रु ७,०००।-( सात हजार ) नगद वा जेथा जमानत धरौटी लिई तारेखमा राख्नु, दिन नसके सोही नं.को देहाय ६ नं. बमोजिम थुनामा राखी मुद्दाको पूर्पक्ष गर्नु भन्ने समेत मिति २०७१/०४/०९ को यस कार्यालयको आदेश ।

## यस कार्यालयको ठहर

नियम बमोजिम पेशी सूचिमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा प्रतिवादी धनेश्वरप्रसाद साहले आफुले अध्यापन गर्ने गरेको का.जि.,का.म.न.पा. वडा नं.१३ कलंकी स्थित जन प्रभात मा.वि.मा अध्ययनरत विद्यार्थीहरुलाई गृहकार्य नगरेको निहूँ वनाई सर्ट, फकको पाकेटमा हात छिराई संवेदनशिल अंगमा छुने चलाउने, कुटपिट गर्ने, कहिले जिस्काउने गरी केही सार्वजनिक (अपराध र सजाय ) ऐन, २०२७ को दफा २ को खण्ड (क),(छ) र (ज) विपरितको कसूर अपराध गरेको हुदा निज प्रतिवादीलाई सोही ऐनको दफा ६(१) बमोजिम सजाँय गरी पाउँ भन्ने अभियोग मागदावी रहेछ ।

यसमा प्रतिवादी धनेश्वरप्रसाद साहले अभियोग मागदावी वमोजिम कसूर गरेका हुन होइनन्, गरेका भए निजलाई के कस्तो सजाँय हुनु पर्ने हो भन्ने सम्वन्धमा निर्णय दिनु पर्ने भएको छ ।

अव निर्णय तर्फ विचार गर्दा प्रतिवादी धनेश्वरप्रसाद साहले का.जि.,का.म.न.पा. वडा नं.१३ कलंकी स्थित जन प्रभात मा.वि.मा अध्यापन गरी आएकोमा निज शिक्षक धनेश्वरप्रसाद साहले दैनिक गृहकार्य नगरेको निहूँ वनाई हामीले लगाएको सर्ट, फकको पाकेटमा हात छिराई संवेदनशिल अंगमा छुने चलाउने, हामीलाई कुटपिट गर्ने,कहिले जिस्काउने गरी आएकोमा सो कुरा हामीले आफ्नो अभिभावक तथा अन्य शिक्षक समेतलाई जानकारी गराएका थियौं, शिक्षक धनेश्वरप्रसाद साहले हामी निवेदकहरुलाई पटक/पटक त्यसरी संवेदनशिल अंगमा हुने, चलाउने, जिस्काउने गरेको हुदा निजलाई कानून बमोजिम कारवाही गरी पाँउ भन्ने व्यहोराको जानुका भुजेल समेतको निवेदनको व्यहोरा र मिसिल संलग्न कागजातहरु विश्लेषण गर्दा:

१. केही अपवाद बाहेक कुनै पनि अपराध हुनु अघि अपराधीले ४ वटा चरण पार गरेको हुन्छ । सबभन्दा पहिला कुनै अपराध गर्ने सम्बन्धमा आपराधिक सोच अर्थात् मनसाय (Means rea/Intention) को विकास हुन्छ । क्रमशः तयारी (Preparation), अपराधको प्रयास (Attempt) र र अन्तमा पूर्ण अपराध (Actus Reus) गर्दछ । Actus reus को निश्चित समय र स्थान हुन्छ । यस वारदातमा प्रतिवादीले सर्ट, फकको पाकेटमा हात छिराई संवेदनशिल अंगमा छुने चलाउने, कुटपिट गर्ने, जिस्काउने कहिले गरेको हो निश्चित समय किटान हुन सकेको छैन । अर्कोतर्फ प्रतिवादीले अनुसन्धानको क्रममा अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा *जाहेरवालाले निवेदन दिएको छ भन्ने थाह पाई महानगरीय प्रहरी परिसर, महिला तथा बालबालिका सेवा केन्द्रमा गएको अवस्थामा निवेदन सम्बन्धमा प्रहरीले सोधपुछ गर्दा प्रहरीसँग सामान्य विवाद भएकोले प्रहरीले मलाई नियन्त्रणमा लिई पक्राउ गरी ल्याएको हो । मैले निवेदक जानुका भुजेलसमेतलाई दुर्व्यवहार गरेको छैन । किन त्यस्तो निवेदन दिए थाह भएन* भनी खुलाई यस कार्यालयमा बयान गर्दा *जानुका भुजेल समेतको निवेदनमा उल्लेखित कुनै पनि कार्य मैले गरेको छैन* भनी *कसुरमा* इन्कार रहेको देखिंन्छ । **जाहेरी व्यहोरा प्रमाण ग्राह्य हुनका लागि त्यसलाई अन्य स्वतन्त्र प्रमाणहरुबाट पुष्टि हुन आवश्यक देखिन्छ । सो का अलवा जाहेरी पनि युक्तियुक्त रुपमा विश्वसनीय देखिनु आफैमा अपरिहार्य पनि हुन्छ ।** (जागेश्वर कामैत वि. नेपाल सरकार, मुद्धाः कर्तव्य ज्यान, नि.नं. ८५२५,ने.का.प. २०६७, चैत्र, पृष्ठ २१०१) । प्रस्तुत मुद्दाको जाहेरी/निवेदनमा प्रतिवादीले कहिले कुन मितिमा शारीरिक तथा मनसिक यातना दिएको हो खुल्न सकेको छैन । पिडित भनिएका विद्यार्थीहरु हाल जन प्रभात मा.वि. को कक्षा ६ मा अध्ययनरत भनिएको छ भने अर्कोतर्फ यी प्रतिवादीले कक्षा ३ सम्ममात्र अध्यापन गराउने भनी मिसिलमा संलग्न कागजाहरुबाट खुल्न आएकोले जाहेरी दरखास्त/निवेदनको व्यहोरा विश्वसनीय र यथार्थपरक देखिन आएन । प्रतिवादीले गरेका उल्लेखित कृयाकलापहरुको बारेमा निवेदकहरुले आफ्नो अभिभावक तथा अन्य शिक्षक समेतलाई जानकारी गराएको भनिएको छ, तर सो जानकारी उपर तत्काल कुनै कार्यवाही भएको भन्ने देखिएन। जाहेरी दरखास्त आफैमा कुनै प्रमाण होइन तर अन्य प्रमाणहरु प्राप्त गर्नका लागि यसले मार्ग प्रशस्त गरिरहेको हुन्छ । प्रस्तुत मिसिलमा यी प्रतिवादी कसुरदार हुन् कि भन्ने विश्वास गर्ने कुनै कागज प्रमाण देखिँदैन ।

२. जाहेरवालालाई यस कार्यालयबाट तोकिएको तारेखमा बकपत्रका लागि उपस्थित हुन पत्राचार गरिएकोमा उपस्थित भई बकपत्र गर्न गराउन सकिएको देखिएन । **जाहेरी दरखास्तको मूल्यांकन गर्ने महत्वपूर्ण आधारको रुपमा प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम त्यस्तो जाहेरी दिने व्यक्ति स्वयं साक्षीका रुपमा अदालतमा उपस्थित भई आफुले जाहेरी दरखास्तमा लेखाएको कुरालाई अदालतमा बकपत्र गरी समर्थन गरेको स्थिति विद्यमान हुनु पर्दछ । अन्यथा कुनै पनि जाहेरीको व्यहोराले अपराध पुष्टि गर्ने प्रामाणिक महत्व ग्रहण गर्न नसक्ने** भनी सम्मानित सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादन भएको छ (नेपाल सरकार वि. यज्ञ बहादुर थापा, मुद्दा : कर्तव्य ज्यान,

नि.नं. ८७६४, ने.का.प. २०६९, ज्येष्ठ, पृ. १७१,१७२) । केवल निवेदन/ जाहेरी दिएकै भरमा मात्र कसैलाई फौजदारी अपराधमा कसुरदार ठहर गर्न सकिंदैन । अपराध स्वतन्त्र प्रमाणहरुबाट पुष्टि हुनु पर्दछ ।

३. अभियोग दावी लिइएको केही सार्वजनिक (अपराध र सजाय ) ऐन,२०२७ को दफा २ को खण्ड (क),(छ) र (ज) को प्रावधान हेर्दा *कुटपीट वा हुल हुज्जत गरी वा अरु कुनै किसिमबाट कुनै राष्ट्र सेवकलाई आफ्नो ओहोदाको कर्तव्य पालन गर्नमा वाधा पुर्‍याउने, सार्वजनिक स्थानमा महिला वर्गलाई हातपात गरी बेइज्जत गर्ने र सार्वजनिक स्थानमा जथाभावी व्यवहार गर्ने* जस्ता कसुरहरुको सम्बन्धमा मात्र उल्लेखित प्रावधानहरु आकर्षित हुने देखियो तर मिसिलमा संलग्न कागजातहरुले प्रतिवादीबाट कहिं कतै त्यस्तो कृयाकलाप भएको भन्ने पुष्टि गर्न सक्दैन ।

तसर्थ माथि प्रकरण नं. १, २ र ३ मा विवेचना गरिएका आधार कारणहरुका आधारमा प्रतिवादी धनेश्वरप्रसाद साह ले केही सार्वजनिक (अपराध र सजाँय ) ऐन,२०२७ को दफा २ को खण्ड (क), (छ) र (ज) विपरितको कसुर गरेको भन्ने अभियोग मागदावी पुष्टी हुन सक्दैन । प्रतिवादी धनेश्वरप्रसाद साहले अभियोग दावीबाट सफाई पाउने ठहर्छ । अरुमा तपसील वमोजिम गर्ने गरी प्रस्तुत मुद्दा मुलुकी ऐन, अ.बं. १८६ नं. बमोजिम फैसला गरि दिएँ ।

## तपसिल

माथि ईन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी धनेश्वरप्रसाद साहले अभियोग दावीबाट सफाई पाउने ठहरेकाले निजहरुले मुद्दा पूर्पक्षको सिलसिलामा मिति २०७१।४।९ मा यस कार्यालयमा राखेको धरौट रकम रु. ७०००/- फिर्ता पाँउ भनी प्रस्तुत मुद्दा अन्तिम किनारा भए पछि वा पुनरावेदन म्याद नाघे पछि ऐनका म्याद भित्र निवेदन दिए नियमानुसार फिर्ता दिनु........................................................................१

प्रस्तुत फैसलामा चित्त नबुझे सो को ७० (सत्तरी) दिनभित्र पुनरावेदन अदालत, पाटन, ललितपुरमा पुनरावेदन गर्न जानु भनी जि.स.व.का. काठमाडौंलाई प्रस्तुत फैसलाको जानकारी र म्याद दिनु ........२

सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू..........३

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल पुनरावेदन अदालत पाटनमा पठाइदिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू .................................................................४

..................................

( एकनाराय अर्याल )

प्रमुख जिल्ला अधिकारी

श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यूले टिपाए वमोजिम टिपी

कम्प्युटर टाइप गर्ने ना.सु.परशुराम थापा/ना.सु. भुवराज धिमिरे

इति सम्वत २०७१ साल माघ २० गते रोज ३ शुभम्.....................

प्रशासकीय अधिकृत : कृष्ण गैह्रे